# Bulletin

society for humanism (SOCH) nepal
सोच नेपाल
SOCH Nepal
FOR THE DIGNITY & HAPPINESS

A Publication of Society for Humanism (SOCH) Nepal, Issue 29, Oct-Dec 2020



## काठमाण्डौ कै स्थानिय तह दिदैनन् सुचना

सुचनाको हक प्रयोग गरी काठमाण्डौं जिल्लाका ११ वडा स्थानिय तहले कोरोना रोकथाम तथा नियन्त्रणकालागि गरेका खर्चको विवरण इमेल मार्फत माग गरीएकोमो ७ वटाबाट विवरण प्राप्त भएन । काठमाण्डौका चन्द्रागिरि, कागेश्वरी मनोहरा, शंखरापुर र किर्तिपुर नगरपालिका बाटमात्र विवरण प्राप्त भयो ।

यसै सम्बन्धमा २०२० नोभेम्बर ८ मा सोच नेपालले काठमाण्डौं जिल्ला समन्वय समितिका पदाधिकारी तथा नागरिक समाज तथा पत्रकार सहितको भेलामा खर्च विवरण सार्वजनिक कार्यक्रम सम्पन्न गर्‍यो ।

कार्यक्रममा जिल्ला समन्वय प्रमुख शिवसुन्दर राजबैद्यले कानून बमोजिम नागरिकले पाउनुपर्ने सुचना प्राप्तिकालागि समन्वय तथा सहजिकरणको पहले गर्ने प्रतिवद्धता जनाउनु भयो ।

राससका पुर्णप्रसाद मिश्रले आफुले पनि सुचना माग गरी पटक पटक ताकेता गर्दा पनि प्राप्त गर्न नसकेको अवस्थामा आम नागरिकले सुचना प्राप्त गर्ने सुनिश्चितता नरहेको बताउनु भयो ।

**<u>सम्बन्धीत समाचारको लिंक</u>**

https://ratopati.com/story/154107/2020/11/9/local-level-?fbclid=IwAR3doex0y_5niccm7TTXFf3r9NjWCmweqjwHFK4BTt_PTXJf1-sSJxkbsEE

## सोच नेपालको सामाजिक परिक्षण सम्पन्न

सोच नेपालले नोभेम्बर ७ मा सामाजिक परीक्षण सम्पन्न गरेको । भर्चुअल रुपमा सम्पन्न भएको कार्यक्रममा सोच नेपालले आर्थिक बर्ष २०७६-२०७७ मा सञ्चालन गरेका कार्यक्रमको समिक्षा गर्दै विषयगत क्षेत्रमा भएका कार्यक्रम र तिनको प्रभावकारीता बारेमा सरोकारवालाहरु सहित उपस्थितिमा छलफल गरेको हो ।

कार्यक्रममा जिल्ला समन्वय समिति गोरखाका उपप्रमुख जानुका अधिकारीले महिला तथा सिमान्तकृत बर्गको आवाज उठाउन तथा कुरीति अझै बिद्यमान रहेकोले कुरीति अन्त्यकालागि सोच नेपालले कार्यक्षेत्र अझ विस्तार गर्नुपर्ने बताउनु भयो ।

बुढानीलकण्ठ नगरपालिकाका प्रमुख उद्धव खरेलले स्थानिय सरकारलाई थप पारदर्शि तथा जवाफदेहि बनाउन तथा सरकारका नकारात्मक काममा घच्घचाउने तथा सरकारले गरेका सकारात्मक कामको सन्देश दिन पनि सोच नेपालले भुमिका खेल्नु पर्ने बताउनु भयो ।

महालेखा परिक्षकको कार्यालयका पुर्व नायव महालेखा परिक्षक दामोदर पुडासैनीले सरकारका राम्रा कामको उजागर गर्दै नराम्रो काम गर्नेलाई दुरुत्साहन गर्नुपर्ने बताउनु भयो । कोभिडका नाममा भएका भ्रष्टाचार बढेकोले सो बारेमा उजागर गर्न भुमिका खेल्नुपर्ने बताउनु भयो ।

कुरिति तथा अन्धविश्वासको अभियान्ता रामदेव पाण्डेले सोचका विषयबस्तु अत्यन्तै रामो तथा महत्वपुर्ण भएपनि कार्यक्षेत्र साघुरो भएको बताउनु भयो । कुरितिजन्य हिंसाका घटनास्थलमा जान नसकिएकोले त्यस तर्फ ध्यान दिन आवश्यकता रहेको बताउनु भयो ।

नागरिक साझासवाल गोरखाका संयोजक स्थानेश्वर दुवाडिले नागरिक समाजको भुमिकालाई गतिशिल बनाउदै सरकारलाई अझ जनता प्रति जवाफदेहि बनाउन सोच नेपालले थप भुमिका खेल्नु पर्ने बताउनु भयो । गोरखा नगरपालिका वडा नं.८ का अध्यक्ष कृष्ण बहादुर खत्रीले कार्यक्षेत्र अत्यन्तै सानो भएकोले यसलाई देशव्यापि बनाउन आवश्यक रहेको बताउनु भयो ।

नेपाल पत्रकार महासंघ ओखलढुंगा शाखाका उपाध्यक्ष शिब ढुंगानाले नागरिक समाजलाई एक ठाउमा ल्याउन खेलेको छ । छलफल तथा बहस सबै सरोकारवालासंग पुर्‍याउन सकिएको तसर्थ सिमान्तकृत तथा पिछडिएको समुदायको लागि वहस पैरवि गर्दै नीतिगत पैरवीमा थप जोड दिनु पर्ने बताउनु भयो ।

महोत्ततरी बाट महिला अधिकार कर्मी उर्मिला कार्कीले कुरीतिमा सोचले गरेको काम सराहनीय भएको जसको फलस्वरुप बर्दिबास नगरपालिका बाल विबाह मुक्त घोषणा समेत भएको बताउनु भयो । कार्यक्रममा ४६ जनाको उपस्थिति रहेको थियो ।

## राजनीतिक दवावमा योजनाका बिल पास हुदैन : गोरखाका उपमेयर

गोरखा । राजनीतिक दवावमा योजनाका बिल पास नहुने गोरखाका उपमेयरहरुले बताएका छन । पारस्परिक जवाफदेहिता परियोजना अन्तरगत सोच नेपालको आयोजनामा गोरखा सदरमुकाममा भएको साझा सभा कार्यक्रममा गोरखा र पालुंटार नगरपालिकाका उपमे यरहरुले यस्तो प्रतिवद्धता ब्यक्त गरेका हुन । अनुगमन समितिको संयोजकको समेत भुमिकामा रहेका उपमेयरहरुले पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धनमा आफुहरु अडिक रहेको बताए ।

‘यो मेरो मान्छे, मेरो पार्टीको, त्यो पार्टीको मान्छे भनेर मापदण्ड अनुसार काम नगरी कसैको बिल पास हुदैन’ उपप्रमुख श्रेष्ठ भनिन ‘ दवाव त खुबै आउछ, त्यसलाई चिरेर अघि बढ्न हामीलाई चुनौती त छ तर पनि गलतलाई सहि भन्ने हिम्मत हामीमा छैन र हुनुपनि हुदैन ।’

दवाव गल्ती गर्नेहरुबाटै आउने भएकाले आफुहरुले काम गर्दा सजग रहेको उनले बताइन । एउटा पार्टीबाट चुनाव जितेर आएपनि आफुहरु सम्पूर्ण नगरवासीहरुकै जनप्रतिनिधी भएको बताउदै उपप्रमुख श्रेष्ठले गलत गर्नेसंग सती जान नसकिने बताइन ।

त्यस्तै पालुंटार नगरपालिकाका उपप्रमुख पम्फा बसेलले योजनामा मात्रै नभई न्यायिक समितिमा समेत बिभिन्न पक्षबाट दवाव आउने गरेको खुलासा गरिन । ‘उपमेयर त्यसमा पनि महिला भनेपछि मान्छेको हेर्ने नजर पनि फरक भइहाल्ने अवस्था अहिलेपनि उस्तै छ’ बसेलले भनिन ‘विल पास गर्न मात्रै होइन, न्ययिक समितिमा आउने विवाद आफ्नो पक्षकालाई जिताइदिन पनि धेरै प्रेसर आउछ ।’

कार्यक्रमको सहजिकरण नेपाल पत्रकार महासंघ गोरखाका अध्यक्ष किशोरजंग थापाले गरेका थिए । साझा सभामा नागरिक समाजका तर्फबाट गैसस महासंघ गोरखाका अध्यक्ष सिताराम श्रेष्ठको सहभागिता रहेको थियो । डेढ घण्टा चलेको कार्यक्रमको सिभिलखबर डटकम, रेडियो गोरखा लगायतका सञ्चार माध्यमबाट प्रत्यक्ष प्रशारण भएको थियो । सोच नेपालले नोबेम्बर २६, २०२० मा आयो जना गरेको थियो ।

## लैङ्गिक हिंसा न्यूनिकरणका लागि प्रशासनले कठोर कदम चाल्छ : प्रजिअ पौडेल

**ओखलढुङ्गा ।** ओखलढुङ्गामा पछिल्ला दिनहरुमा बढ्दो क्रममा रहेको लैङ्गिक हिंसाका घटनालाई न्यूनिकरणका लागि प्रशासनको तर्फबाट कठोर कदम चाल्ने ओखलढुङ्गाका प्रमुख जिल्ला अधिकारी कृष्ण पौडेलले बताउनु भएको छ । भिजन एफएम सँगको सहकार्यमा सोच नेपालले आयोजना गरेको साझा सभा कार्यक्रममा प्रमुख जिल्ला अधिकारी पौडेलले यस्तो बताउनुभएको हो ।

साझा बहस कार्यक्रममा प्यानलिष्टको रुपमा उपस्थित हुनुभएका प्रमुख जिल्ला अधिकारी नागरिकले पाउनुपर्ने सूचना सम्बन्धिको हकलाई कार्यान्वयन गरिरहेको र जिल्लाका सबै कार्यालयहरुमा कार्यान्वयन गर्ने प्रतिबद्धता समेत जनाउनु भएको थियो । स्थानीय तहहरुले सूचना नदिएको विषयमा भने नियम संगत ढंगले सूचनाको हक सम्बन्धिको अधिकारको प्रयोग बहस कार्यक्रममा नागरिकहरु ले उठाएका जिज्ञासाहरुको जवाफ दिँदै प्रमुख जिल्ला अधिकारी पौडेलले पछिल्ला दिनहरुमा ओखलढुङ्गामा पनि लैङ्गिक हिंसाका घटनामा बृद्धि भएको जानकारी आएको भन्दै जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा त्यस्ता घटनाका दोषि उपर कठोर कदम चाल्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा ओखलढुङ्गाका जिल्ला समन्वय समितिका प्रमुख जय बहादुर श्रेष्ठले नागरिकहरुले सूचना नपाएको विषय र बढ्दो क्रममा र हेको लैङ्गिक हिंसाको न्यूनिकरणको विषयमा चाडै जिल्ला स्तरिय अन्तरक्रिया सञ्चालन गर्ने बताउनुभयो । चाडै नै जिल्लाका सबै स्थानीय तहका प्रमुख, उपप्रमुख र सरोकारवालाहरुलाई सहभागीता गराएर लैङ्गिक हिंसा न्यूनिकरणका लागि आवश्यक ऐन कानून निर्माण तथा कार्यान्वयनमा जिल्ला भरी एकरुपता कायम गराउन छलफलको आयोजना गर्ने जिल्ला समन्वय समिति प्रमुख श्रेष्ठले प्रतिबद्धता जनाउनुभयो ।

त्यस्तै सिद्धिचरण नगरपालिकाका उपप्रमुख ईच्छा कुमारी गुरुङले पनि नागरिकहरुले गरेका प्रश्नको जवाफ दिनुभएको थियो । काय र्क्रममा उपप्रमुख गुरुङले नगरपालिकाको क्षेत्रमा लैङ्गिक हिंसामा परेका तथा त्यसै कारणले विस्थापित भएकाहरुलाई पूनस्थापित गर्न यो जना निर्माण गरि कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

साझा बहस कार्यक्रम जिल्लाका तिन ओटा सामुदायीक रेडियोहरु भिजन एफएम, आफ्नो एफएम तथा सहयात्री एफएमसँगै ओ खलढुङ्गान्युज डटकमको फेशबुक पेजवाट समेत प्रत्यक्ष प्रसारण गरिएको थियो । कार्यक्रम **USAID/FHI 360** को वित्तिय सहयोगमा नागरिक समाज स्थानीय अभियान कार्यक्रम अन्तर्गत भिजन एफएमसँगको सहकार्यमा सोच नेपालले नोबेम्बर २६, २०२० मा आयो जना गरेको थियो ।

## ओखलढुङ्गाको मोलुङ गाउँपालिकामा सामाजिक जवाफदेयिता औजारहरुको अभिमुखीकरण सम्पन्न

**ओखलढुङ्गा** । जिल्लाको मोलुङ गाउँपालिका वडा नं. १ कुन्तादेवीमा सामाजिक जवाफदेहिताका औजारहरुको बारेमा एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । नागरिक समाज स्थानीय अभियान कार्यक्रम अन्तर्गत सोच नेपालको समन्वयमा गठन भएको सथानीय सभाका सदस्यहरु तथा रेडियो श्रोता समूहका सदस्यहरुलाई लक्षित गरि अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हो ।

अभिमुखीकरण कार्यक्रममा सामाजिक जवाफदेहिता भनेको के हो ? सामाजिक जवाफदेहिताका औजारहरु भनेको के हो ? यो किन आवश्यक छ ? पारदर्शिता तथा जवाफदेहिता प्रवद्धनका लागि किन महत्वपूर्ण हुन् ? लगायतका विषयमा अभिमुखीकरण गराईएको थियो । कार्यक्रमको सहजीकरण नेपाल पत्रकार महासंघ जिल्ला महासंघ ओखलढुङ्गाका उपाध्यक्ष शीवप्रसाद ढुंगानाले गर्नुभएको थियो ।

अभिमुखीकरण कार्यक्रममा वडाका निर्वाचित वडा अध्यक्ष सहितका जनप्रतिनिधीहरुको समेत सहभागीता रहेको थियो । अभिमुखीकरण कार्यक्रमको समापनलाई सम्बोधन गर्दै वडा अध्यक्ष प्रदिप कुमार वानियाले यो अभिमुखीकरण अत्यन्त प्रभावकारी रहेको प्रतिक्रिया दिनुभएको थियो । समाजमा बस्ने हरेक व्यक्ति जिम्मेवारी र जवाफदेहि रहनुपर्ने भन्दै अझ सार्वजनिक ओहदामा रहेका व्यक्ति झनै जिम्मेवार वन्नु पर्ने वडा अध्यक्ष वानियाको भनाई थियो ।

यस कार्यक्रमले नागरिकहरुलाई सूचना पाउनु नागरिकको अधिकार र आˆनो कर्तव्यको बारेमा समेत बोध गराएको भन्दै सिकाईलाइ ´ व्यबहारमा उतार्न सहभागीहरुलाई अनुरोध गर्नुभयो । केहि परिवर्तन गर्नुछ भने आफैवाट सुरुवात गर्नुपर्ने भन्दै अध्यक्ष वानियाले हामीले केही काम गर्दा तत्काल उपलब्धीलाई हेरेर मात्रै नभई त्यसले भविष्यमा पनि पुर्‍याउने सकारात्मक प्रभावलाई हेर्दै अगाडी बढ ्न आग्रह समेत गर्नुभएको थियो ।

अभिमुखीकरण कार्यक्रममा स्थानीय सभाका सदस्यहरु, रेडियो श्रोता समूहका सदस्यहरु, वडाका निर्वाचित जनप्रतिनिधीहरु, सरोकार वाला व्यक्तिहरु सहित २१ महिला २० पुरुष जना भन्दा बढिको सहभागीता रहेको थियो । सुशासन तथा जवाफदेहिताका थप विषयमा अझै गम्भिर ढंगले थप अभिमुखीकरण तालिमका लागि सहभागीहरुले अनुरोध समेत गरेका थिए । कार्यक्रम नोभेम्वर ३०, २० २० सम्पन्न भएको हो ।

## स्थानीय सभाको पहलमा स्वास्थ चौकी र विद्यालयमा स्वास्थ मापदण्ड पुऱ्याउन पहल

सोच नेपालको समन्वयले नागरिक समाज स्थानीय अभियान कार्यक्रम अन्तर्गत चिशंखुगढीको भदौरेमा स्थानीय सभाको बैठक सम्पन्न भएको छ । उक्त कार्यक्रममा २१ सहभागिको उपस्थिति रहेको थियो । अध्यक्ष लाल बहादुर आले मगरको अध्यक्षता तथा वडा अध्यक्ष कृष्ण बहादुर क्याप्छाकी मगरको विशेष उपस्थितीमा बसेको बैठकले विभिन्न महत्वपूर्ण निर्णयहरु गरेको छ । कार्यक्रम अक्टोवर ९, २०२० मा सम्पन्न भएको हो ।

बैठकमा छलफलको क्रममा स्थानीय भदौरे स्वास्थ्य चौकीमा कोभिड १९ को महामारीको समयमा पनि नागरिकहरुले निशुल्क पाउने अत्यावश्यक औषधी तथा परिवार नियोजनका सामाग्रीहरुको समेत अभाव हुनुका साथै स्वास्थ्य चौकीमा गोप्य सेवा लिन आउने सेवाग्राहीहरुको गोपनियता राख्न स्वास्थ्य चौकीमा छुट्टै कक्षको व्यबस्था भएपनि त्यसको प्रयोग नभएको र गोप्य सेवा लिनवाट नागरिकहरु बञ्चित भएको, सेवालिन जाने सेवाग्राहिलाई स्यानीटाइजरको र माक्सको व्यवस्था नगरको विषयमा छलफल भएको थियो ।

गाउँपालिकाको निर्देशन बमोजिम भदौरेका दुवै सामुदायीक माद्यमिक विद्यालयमा शैक्षिक सत्रको पढाई सुरुवात भएको भएपनि कोभिड १९ को संक्रमणबाट बच्नको लागि भने स्वास्थ्य सुरक्षा अपनाएको नपाईएकोले स्वास्थ्य सुरक्षा अपनाएर मात्रै विद्यालय सञ्चालन गर्न वडाका सबै सामुदायीक विद्यालयहरुलाई निर्देशन दिने निर्णय भएको थियो ।

त्यसैगरि चिशंखुगढी गाउँपालिकाले हालसम्म पनि लैङ्गिक हिंसा न्युनिकरणका संघिय सरकारवाट प्राप्त बजेट समेत फ्रज हुने अवस्था रहेकोले गाउँपालिकाको उक्त कार्यबिधी यथासिघ्र निर्माण गरि कार्यान्वयन गर्न गाउँपालिकालाई वडा अध्यक्ष मार्फत अनुरोध गर्ने निर्णय भयो । साथै आर्थिक वर्ष २०७७/०७८ मा यस वडामा सञ्चालन हुने योजनाहरुको योजना

निर्माण उपभोक्ता समिति यथासिघ्र बनाउनु भन्ने जानकारी गाउँपालिकाले सूचना जारी गरेकोले योजना सम्झौताका लागि समावेशी योजना उपभोक्ता समिति निर्माण गर्न सूचना प्रचार प्रसार गर्नुका साथै समयमा नै योजना सम्झौता तथा काम सम्पन्न गर्ने भन्ने समेत निर्णय गरेको थियो ।



बैठकको अन्त्यमा चिशंखुगढी गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष कृष्ण बहादुर क्याप्छाकी मगरले बैठकको निर्णय कार्यान्वयनका लागि स्वास्थ्य चौकीमा आफुले तत्काल एक्सन चलाउने प्रतिबद्धताको परिणाम स्वरुप अहिले वडा भित्र रहे को स्वास्थ चौकीमा स्यानीटाइजर र माक्सको व्यवस्था गरेको छ । सामुदायिक विद्यालयमा विद्यार्थीको चाप कम गर्नका लागि जोर विजोर प्रणालीमा कक्षा संचालन हुन शुरु गरेको छ । स्कुलमा स्यानीटाइजर र माक्सको व्यवस्थाका लमगि वडा पयाप्त बजेट नभएकाले वडा अध्यक्ष मार्फत गाँउपालिकामा पहल भैरहेको छ ।

## स्वास्थ चौकीको तथा विकास परियोजनाको नागरिक निगारानी

गोरखाका नागरिक समाज पत्रकार र गोरखा नगरपालिका वडा नम्बर ८ ले संयुक्त रुपमा रानीश्वारा स्वास्थ्य चौकीको सेवा प्रवाहकाबारे स्थलगत निगारानी गरेको छ । कोरोना भाइरसको संक्रमण कालमा चौकीको सेवा प्रवाहका बारे नागरिकले निगारनी गरेको हो । वडाध्यक्ष कृष्ण बहादुर खत्रीको नेतृत्वको टोलीले अनुगमन गर्दा स्वास्थ्य चौकीमा म्याद गुज्रिएका बर्षौ देखिका औषधीहरु रहेको तर त्यसको सुरक्षित व्यवस्थापना समस्या रहेको पाइएको छ । त्यस्तै नगरपालिकाबाट स्वास्थ्य चौकीलाई प्राप्त अधिकांश औषधीहरु म्याद सकिने अवस्थामा रहेको समेत पाइएको छ । स्वास्थ्य चौकीको सेवा प्रवाहलाइ चुस्त र स्तरीय बनाउन वडाध्यक्ष खत्रीले कर्मचारीलाई निर्देशन समेत दिएका छन् । त्यस्तै टोलीले वडा कार्यालयबाट यस बर्ष बिनियोजित ३० लाख बजेटबाट निर्माण भइरहेको आहाले भञ्याङ देखि खड्कागाउँ हुदै थकालडाँडाँ जाने बाटोको समेत अनुगमन गरिएको छ । त्यसक्षेत्रमा निर्माण भइरहेको सडकको पक्कि नालीमा ढलान भएपछि पानी नहाल्दा अधिकांश स्थानमा ढलान चर्किएको पाइएको र तत्काल सुधार गर्न टोलीले वडा अध्यक्ष तथा ठेकेदार कम्पनीसँग छलफल गरेका थिए । गोरखा नगरपालिका ८ का वडा अध्यक्षले तत्कालै ठेकेदारलाई राम्रोसँग काम गर्नका लागि निर्देशन दिएको थियो । अनुगमन टोलीमा वडाध्यक्ष कृष्ण खत्री, नेपाल पत्रकार महासंघ गोरखाका अध्यक्ष किशोरजंग थापा, वडासदस्य कल्पना नेपाली, सोच नेपालका जिल्ला अधिकृत मोहसिन अिल मियाँ लगायतको नागरिक समाज तथा पत्रकारको सहभागिता रहेको थियो । उक्त निगारानी कार्यक्रम अक्टोबर १६, २०२० सम्पन्न भएको हो । यसको समन्वय सोच नेपाले गरेको थियो ।

## गोरखामा सुशासन प्रवर्द्धन अभियानलाई प्रभावकारी बनाइने

गोरखा । सुशासन प्रवर्द्धन अभियानलाई प्रभावकारी बनाउन गोरखाका जनप्रतिनिधी र कर्मचारीले संयुक्त रुपमा प्रतिवद्धता जनाएका छन् । सोच नेपालको आयोजनामा गोरखा सदरमुकाममा भएको भ्रष्ट्राचार विरुद्धको अन्तराष्ट्रिय दिवशका अवसरमा स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी तथा नागरिक समाजले संयुक्त रुपमा प्रतिवद्धता जनाएका हुन् । । मिति २०२० डिसेम्वर ०९ मा उक्त कार्यक्रम संचालन गरेको हो । कार्यक्रममा २४ जनाको उपस्थिति रहेको थियो ।

बिभिन्न निकाय, संघसंस्थाबाट प्रतिनिधित्व गरी कार्यक्रममा सहभागी भएकाहरुले कुनै पनि अवस्थामा भ्रष्ट्राचार नगर्ने र गर्न समेत नदिने प्रतिवद्धता ब्यक्त गरेका छन । समृद्ध समाज निर्माणका लागि सुशासन पहिलो सर्त रहेको बताउदै गोरखा नगरपालिकाका मेयर राजनराज पन्तले नगरपालिकालाई सुशासान मैत्री बनाउने अभियानमा आफु रहेको बताउनुभएको छ ।

नागरिक साझा सवाल गोरखाका संयोजक एवं अधिवक्ता स्थानेश्वर दुवाडीको अध्यक्षतामा भएको कार्यक्रममा गोरखाका प्रमुख जिल्ला अधिकारी तिर्थराज भट्टराईले समाजका हरेक अंगमा पारदर्शिता कायम गर्न सामाजिक सवाफदेहिताका औजारहरुको प्रयोग अनिवार्य रहेको र गोरखामा यसलाई अभियानका रुपमा अघि बढाउने योजनामा आफु रहेको बताउनु भएको छ ।

कार्यक्रममा सहभागी हुनुभएका नेपाल पत्रकार महासंघ गोरखाका अध्यक्ष किशोरजंग थापाले भ्रष्ट्राचार न्यूनिकरणमा नागरिक समाज र सञ्चार माध्यम चनाखो हुनुपर्नेमा जोड दिनुभएको छ । त्यस्तै नेपाल बार एशोसियसन गोरखाका अध्यक्ष यादव शर्माले सञ्चार माध्यम र नागरिक समाजको काम खबरदारी गर्ने मात्रै रहेको बताउदै पछिल्लो समय प्रविधीको विकाससंगै भ्रष्ट्राचार र घुस लिने तौरतरिका र शैली समेत फेरिएको बताउनुभएको छ ।

## नागरिक समाजसंगको सहकार्यलाई प्रभावकारी बनाउन गोरखाले बनायो पार्श्वचित्र

गोरखा । नागरिक समाज संघसंसथाहरुसंगको सहकार्यलाई प्रभावकारी र ब्यवस्थित बनाउन गोरखा नगरपालिकाले गैसस पार्श्वचित्रको दोस्रो संस्करण समेत सार्वजानिक गरेको छ । सोच नेपालसंगको सहकार्यमा नगरपालिकाले नागरिक समाज, गैसस पार्श्वचित्र निर्माण गरेको हो । पार्श्वचित्रको पुष ९, २०७७ गतेका दिन भएको साझेदारी मञ्चको बैठकमा विमोचन गरिएको छ ।

गोरखा नगरपालिकाले जिल्लाका ११ स्थानीय तहमध्ये अघिल्लो बर्ष पहिलो पटक गैसस पार्श्वचित्र प्रकाशन गरेको थियो । सोही कार्यलाई कार्यालयले यस बर्ष समेत निरन्तरता दिएको छ । सोच नेपालका गोरखा जिल्ला अधिकृत मोहसिन अलि मियाँले सम्पादन संयोजन गरेको पार्श्वचित्रमा नगरक्षेत्रमा कृयाशिल २ सय ५० वटा स्थानीय टोलविकास संस्था, नागरिक समाज, गैसस संस्था, सञ्चार माध्यम लगायत पचास भन्दा बढी संघसंस्थाको विवरणसहित उनिहरुले गरिरहेका काम, कार्यक्रम र योजनाका बारे उल्लेख गरिएको छ ।

पार्श्वचित्र विमोचन कार्यक्रममा बोल्दै नगरप्रमुख राजनराज पन्तले नागरिक समाज संघ, संस्थाहरुका कामलाई थप ब्यवस्थित बनाउदै उनिहरुको कार्यदक्षताको पहिचान गरी सहकार्यलाई अघि बढाउन पार्श्वचित्रले महत्वपूर्ण भुमिका निर्वाह गर्ने विश्वास ब्यक्त गर्नुभयो । अघिल्लो बर्षको पार्श्वचित्रले यो बर्ष योजना निर्माणमा समेत सहयोग पुगेको उहाँले बताउनुभयो ।

## बुढानीलकण्ठ नगरपालिकामा कोरोना रोकथाम नियन्त्रणका लागि नागरिक सम्वाद सम्पन्न

बुढानिलकण्ठ नगरपालिकामा नागरिक संवाद सम्पन्न भएको छ । मंसिर २३, २०७७ मा भएको कार्यक्रममा कोरोना खोपको विकास तथा नेपालमा यसको उपलब्धता तथा बुढानिलकण्ठ नगरपालिकाले कोरोना प्रकोप नियन्त्रण र रोकथामका लागि गरेका काम तथा र आगामी योजनाहरुका वारेमा छलफल गरिएको थियो ।

कार्यक्रममा नेपाल स्वास्थ्य अनुसन्धान परिषदका कार्यकारी निर्देशक डा.प्रदिप ज्ञवालीले कोरोना विरुद्धको खोप हाल अन्तिम अवस्थामा रहेको रहेको बताउनु भयो । उहाले छिट्टैनै यसको विश्व बजारमा उपलब्ध हुने बताउनु भयो । अन्तराष्ट्रिय बजारमा यसको उपलब्धता हुने अवस्थामा नेपालमा आयात गर्न सरकारले पुर्व तयारी गरिसकेको बताउनु भयो । डा. ज्ञावालिले कोरोना विरुद्धको खोपको भण्डारण तथा व्यवस्थापनमा स्थानीय तहबाट गर्न पुबाधार तयार भै नसकेकोले केन्द्र सरकारकै मातहतमा यसको वितरण व्यवस्थापन हुने बताउनु भयो ।




नेपाल मेडिकल कलेजका अनुसन्धान निर्देशक प्रा.डा.शिव कुमार राईले जनमानसमा सचेतना र स्वास्थ्य सुरक्षा मापदण्डकाबारेमा अझै आवश्यकता रहेको बताउनु भयो ।

बुढानीलकण्ठ नगरपालिकाका प्रमुख उद्धब खरेलले कोरोना रोकथाम नियन्त्रणका लागि नगरपालिकामा बनाइएको आइसोलेसन सेन्टर तयार गरेको भएपनि हाल कोरोना संक्रमितहरु घरमै बस्न रुचि देखाउदै आइसोलेसनमा आउन अनिच्छुक रहेकोले हाल थोरै संख्यामा मात्र आउनृ गरेको बताउनु भयो । कति( पय संक्रमित हरु होम आइसोलेसन सम्बन्धी सरकारले तयार गरेका मापदण्ड पुरा नगरी बस्ने गरेको अवस्था रहेकोले चुनौति थपिएको बताउनु भयो । उहाले नगरपालिकाका आगामी कार्य योजनाका वारेमा प्रस्ट पार्नुभएको थियो ।

मानव अधिकारका एकल महिला समुहका संस्थापक अध्यक्ष लिली थापाले कोरोना माहामारीले पारेको मानबअधिकार हनन तथा हिंसाको अवस्था बढेको र यसलाई न्युनिकरण गर्न नगरपालिकाले भुमिका खेल्न आवश्यक रहेको बताउनु भयो । जसकालागि अनुगमन संयन्त्र बलियो बनाउन आग्रह गर्नुभयो ।

उहाले नगरपालिकामा कोरोना निको भएर बसेको ठुलो संख्या रहेकोले प्लाज्मा दिने व्यक्तिहरुको रोस्टर तयार गर्न अनुरोध गर्नुभयो । कोरोना रोकथाम तथा सचेतना सम्बन्धमा सडक नाटक गर्न सकेमा थप प्रभावकारी हुने बताउनु भयो । भिडभाडलाई नियन्त्रण गर्न जरिवानाकै व्यवस्था गर्न तथा अनुगमन लाई प्रभावकारी बनाउन अनुरोध गर्नु भयो । उहाले हाल पनि राहत बाडिरहेको बताउदै राहत बाड्दा राजनैतिक पुर्वाग्रह भएको आक्षेप लागेको बताउदै तथ्यांकको आधारमा बास्तविक अप्ठेरोमा परेको परिवार लाइ राहत उपलब्ध गराउन सक्ने गरी व्यवस्था गर्न आग्रह गनुभयो ।

## भ्रष्टाचार नियन्त्रणमा खवरदारीका लागि नागरिक समाज तथा पत्रकारलाई आग्रहः उपमेयर गुरुङ्ग

भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय दिवसको अवसर पारेर ओखलढुङ्गामा जिल्ला स्तरिय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । सिद्धिचरण नगरपालिकाका उपप्रमुख ईच्छा कुमारी गुरुङ तथा सिद्धिचरण नगरपालिका वडा नं. १२ का वडा अध्यक्ष विनोद कुमार श्रेष्ठको विशेष उपस्थितीमा भ्रष्टाचार न्युनिकरणमा नागरिक समाज र सञ्चारमाध्यमहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो । मिति २०२० डिसेम्वर ०९ मा उक्त कार्यक्रम संचालन गरेको हो । कार्यक्रममा २४ जनाको उपस्थिति रहेको थियो ।




अन्तरक्रिया कार्य क्रममा सहभागीहरुले भ्रष्टाचारलाई साच्चै नै न्यूनिकरण गर्ने हो भने त्यसको प्रयासको सुरुवात भने आफैवाट गर्नुपने बताएका थिए ।

कार्यक्रममा नागरिक समाजको तर्फवाट सिद्धिचरण महिला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष अम्बिका श्रेष्ठले विकास निर्माणका नाममा हुने बजेट विनियोजन र त्यसको कार्यान्वयनका लागि निर्माण गरिने उपभोक्ता समिती निर्माण देखी त्यसको कामको अबस्था र योजनाको अनुगमनसगै स्टामेट अनुसार कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो ।

उपभोक्ता समिति निर्माण हुदा आफ्ना नाताका मान्छेलाई उपभोक्ता समितिमा राख्ने, आफ्ना मान्छे समितिमा छ भन्दैमा योजनाको अनुगमन नगर्ने, अनुगमन गरेपनि कागजी प्रकृया मात्रै पुरा गर्ने, केही प्राबिधीकहरुलाई खुशी पारेपछि नियम संगत नभएको कामको पनि फरफारक हुने जस्ता कृयाकलापहरु देखिईरहेकोले यस विषयमा सञ्चारकर्मीहरुले कलम चलाउनुपर्ने बताउनुभयो ।

त्यस्तै कृषक समूह राष्ट्रिय महासंघ, जिल्ला महासंघ ओखलढुङ्गाका कार्यक्रम संयोजक सरस्वती कटवालले विगतमा भएका काम र त्यसको प्रभावको बारेमा समेत मिडियाले सञ्चारमाध्यममा ल्याउनुपर्ने बताउनुभयो । कार्यक्रम, समाजको अवस्था तथा त्यसको उपलब्धी तथा समस्याको बारेमा पनि सञ्चारमाध्यमहरुले नियमित रुपमा प्रचार पैसार गर्नुपर्ने र समाजमा भएका योजना सञ्चालन तथा कार्यक्रमहरुको बारेमा नियमित सार्वजनिकीकरण गर्ने अवस्था आयो भने भ्रष्टाचार न्युनिकरणमा सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रममा टिआई नेपालका जिल्ला कार्यक्रम संयोजक भोलामान विकले हरेक नागरिकहरुले आफु को हो र के हो भन्ने कुरालाइ आत्मासात गरे मात्र पनि भ्रष्टाचार न्युनिकरणमा सहयोग पुग्ने बताउनुभयो । पहिला आफु सुध्रिएर कसैले सञ्चालन गरेको काममा अनियमितता देखिएमा आत्म विश्वासका साथ प्रश्न राख्ने कुराको विकास गरेमा पनि भ्रष्टाचार न्यूनिकरणमा सहायोग पुग्ने बताउनुभयो ।

रेडक्रस सोसाईटी ओखलढुङ्गाका प्रतिनिधी ढलककृष्ण श्रेष्ठले योजना सञ्चालनका दौरानमा नागरिकहरुकै देखाउने र चपाउने दात भने जस्तै व्यबहार भएकोले नागरिक समाज र पत्रकारहरुले चाहेर मात्रै भ्रष्टाचार न्युनिकरण हुन नसक्ने बताउनुभयो ।
नागरिक समाजका संस्थाहरुले यथासिघ्र नियमित रुपमा जनचेतना मूलक कार्यक्रमका साथ नागरिकहरुलाई प्रश्न गर्न सक्ने बनाउन सकेमा भ्रष्टाचार न्युनिकरण हुन सक्ने बताउनुभयो ।

कान्तिपुर दैनिकका उपसम्पादक एवम् ओखलढुङ्गा सम्बाददाता कुम्भराज राईले नागरिकको मात्र नभएर सेवा प्रदायकहरुको समेत चेतनामा विकास नभएसम्म भ्रष्टाचार न्युनिकरण गर्ने काम सहजै हुन नसक्ने बताउनुभयो । न ओखलढुङ्गा जिल्लामा पछिल्ला दिनहरुमा केही सेवा प्रदायकहरु नागरिकहरु प्रति जवाफदेही र पारदर्शी बन्न लागेको देखिएपनि त्यो नै पूर्णता भने नरहेको राईको भनाई थियो । ओखलढुङ्गा जिल्लाका केही स्थानमा भएका स्थानीय तहका तथा योजनाहरुको समेत अनियमितताका कुरा सञ्चार माध्यममा आएपछि केही सुधारको संकेत भने देखिन थालेको उहाँको भनाई थियो ।

त्यसैगरि नेपाल पत्रकार महासंघ ओखलढुङ्गाका उपाध्यक्ष एवम् अन्नपूर्ण पोष्ट दैनिकका ओखलढुङ्गा प्रतिनिधी शिवप्रसाद ढुंगानाले भ्रष्टाचार भन्ने कुरा नगर्दा वा कागजमा मात्र हुने नभई उसको कृयाकलापमा समेत भ्रष्टाचार हुने भएकोले यसबारेमा सबैपक्षले ध्यान दिनुपर्ने बताउनुभयो । सत्तामा हुने मान्छे भ्रष्ट हुन्छ भन्ने पुरानो मान्यता अनुसार नै उसलाई सहि ठाँउमा ल्याउन र भ्रष्टाचार हुन नदिन प्रतिपक्ष, नागरिक समाज र पत्रकारहरुको भूमिका महत्वपूर्ण रहेको छ । हाल स्थानीय सरकार सूचना प्रविधिमा समेत केही कमजोर भएकोले भ्रष्टाचारजन्य गतिबिधीलाई प्रश्रय मिलेकोले हरेक नागरिकले अब प्रश्न गर्ने बानिको विकास गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा वडा अध्यक्ष विनोद कुमार श्रेष्ठले कागजी तथा नीतिगत रुपमा पनि भष्टाचारलाइ संरक्षण गर्न मिल्ने शव्दहरुको उल्ले भएकोले भ्रष्टाचार मौलाईरहेको तर त्यसको दोष भने निर्वाचित जनप्रतिनिधीहरुले मात्रै खपिरहनु परेको बताउनुभयो । भ्रष्टाचारलाइ साच्चै नै न्यूनिकरण गर्ने हो भने माथिल्लो तहमा बसेकाहरुले नीतिगत रुपमा नै सुधार गरेर आउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथी सिद्धिचरण नगरपालिकाका उपप्रमुख ईच्छा कुमारी गुरुङले भ्रष्टाचार नियन्त्रणका लागि नागरिक समाज तथा पत्रकारहरुको एकता तथा सक्रियता हुनुपर्ने बताउनुभयो । जनप्रतिनिधीहरुको मात्रै सबै ठाँउमा आखा र ध्यान नपुग्ने भएकोले मिडिया तथा नागरिक समाजका तर्फवाट खबरदारी भएमा सम्बन्धित व्यक्ति तथा कार्यालयलाई समेत सुधारगर्न अबसर मिल्ने उपप्रमुख गुरुङको भनाई थियो । आफु पनि निर्वाचित जनप्रतिनिधी भएकोले नगरपालिकाका कुनै पनि काममा त्यस्तो अनियमितता तथा भ्रष्टाचारको संकेत पाएमा खबरदारी गरिदिन नागरिक समाज तथा पत्रकारहरुलाई गुरुङले आग्रह गर्नुभयो ।

## Contact Details

**Society for Humanism (SOCH) Nepal**

**Battisputali-9, Kathmandu, Nepal**

**GPO Box No. 670,**

**Phone : + 977-01-4597168,**

**Email: sochnepal@gmail.com**

**Website : www.sochnepal.org**

**Management : Apsara Karki, Arjun Pariyar**

**Content : Rajendra Koirala , Mohasin Ali Miya, BN Shrestha**

**Design : Prajeena Baral**

